# जानकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खजुराखुर्द, बाँके
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. :

प.सं. ०७८/०७९
च.नं. १५८६

मिति : २०७९/०३/०३

विषय: आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन सम्बन्धमा ।

श्री विषयगत शाखाहरु सबै ।
श्री वडा समितिहरु सबै ।

आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७९/०३/०३ को निर्णयानुसार जानकी गाउँपालिकाको आ.व.२०७९/८० को बजेट तर्जुमाको क्षेत्रगत प्राथमिकीकरण, क्षेत्रगत सीमा, विषयगत शाखा र वडा समितिहरुको बजेट सीमा र बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी मार्गदर्शन यसैसाथ संलग्न राखी पठाइएको छ ।

आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमाका लागि २०७९ असार ६ भित्र योजना तर्जुमाको सातै चरण पूरा गरी गाउँ/टोल र वस्तीस्तरको माग र आवश्यकतालाई कार्यक्रम तर्जुमा मार्गदर्शन बमोजिम आयोजना तथा कार्यक्रम छनौट गरी सम्बन्धित विषयगत समिति मार्फत बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष २०७९/०३/०६ गतेभित्र पेश गर्नुहुन अनुरोध छ । सहभागितामूलक योजना तर्जुमाको सबै चरण पूरा नगरेको र मार्गदर्शन विपरित भएको, मध्यमकालीन खर्च संरचना र कार्यान्वयन कार्ययोजना नभएको संलग्न ढाँचामा नभरेको आयोजना कार्यकम बजेट तथा कार्यक्रम समितिमा समावेश नरहने भएकाले प्राथमिकीकरणमा परेका आयोजनाहरुको स्पष्ट फारम र क्रियाकलापगत अनुमानित लागत विवरणसहित आयोजना तथा कार्यक्रमहरु छनौट गरी पठाउनु हुन अनुरोध गर्दछु ।

आगामी आ.व. २०७९/०८० को लागि क्षेत्रगत सीमा तथा प्राथमिकता

| क्षेत्र | प्राथमिकता | बजेट सिलिङ्ग | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३ | ७५०००००.०० | २.३७% |
| सामाजिक विकास | १ | १६५००००००.०० | ५.२१% |
| पूर्वाधार विकास | २ | १८४०५९०००.०० | ५८.१४% |
| वातावरण तथा विपद् व्यवस्थापन | ५ | १००००००.०० | ०.३२% |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४ | १०७५०००००.०० | ३३.९६% |
| | | | |

| कार्यालय/शाखा | बजेट सिलिङ्ग | प्रतिशत | कैफियत |
|---|---|---|---|
| कृषि विकास शाखा | ३५०००००.०० | १.११% | |
| पशु विकास शाखा | ३५०००००.०० | १.११% | |
| सहकारी | ५०००००.०० | ०.१६% | |
| शिक्षा युवा तथा खेलकुद शाखा | ९००००००.०० | २.८४% | |
| महिला वालबालिका तथा ज्येष्ठ नागरिक शाखा | १५०००००.०० | ०.४७% | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| स्वास्थ्य शाखा | ६००००००.०० | १.९०% | |
| वातावरण तथा विपत व्यवस्थापन शाखा | १००००००.०० | ०.३२% | |
| गाउँपालिका स्तरीय योजना | १५४०५९०००.०० | ४७.७२% | |
| लक्षित कार्यक्रम | ५००००००.०० | १.५७% | |
| गाउपालिका चालु खर्च | ९२५०००००.०० | २९.३२% | |
| न्यायिक समिति संचालन तथा व्यवस्थापन | २००००००.०० | ०.६३% | |
| कर्मचारी कल्याण कोष | २००००००.०० | ०.६३% | |
| | २७७५५९०००.०० | | |
| वडा स्तरीय सिलिङ्ग | | | |
| वडा नं.१ | ६५०००००.०० | २.०५% | |
| वडा नं.२ | ६५०००००.०० | २.०५% | |
| वडा नं.३ | ६५०००००.०० | २.०५% | |
| वडा नं.४ | ६५०००००.०० | २.०५% | |
| वडा नं.५ | ६५०००००.०० | २.०५% | |
| वडा नं.६ | ६५०००००.०० | २.०५% | |
| | ३९००००००.०० | | |

**आ.व. २०७९/०८० को शाखा/वडागत बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका मार्गदर्शनहरु**

नेपालको संविधानमा भएका व्यवस्थाहरु कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ तथा परिच्छेद ९ मा भएको व्यवस्था तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७४, (परिमार्जित) बमोजिम गाउँपालिकाको वडा स्तर, समुदाय, वस्ती तथा गाउँस्तरमा सहभागितामूलक योजना तर्जुमाका लागि योजना तर्जुमाका सबै चरणमा सबैस्तरबाट अर्थपूर्ण सहभागिता र निर्णय प्रक्रिया सुनिश्चित गर्न साविकको प्रस्तावित योजनाहरुलाई समेत अध्ययन विश्लेषण गरी गाउँपालिकाको भौगोलिक अवस्था, स्थानीय आवश्यकता र विभिन्न क्षेत्रगत योजना आदि समेतलाई दृष्टिगत गरी श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट देहाय अनुसार आ.व. २०७९/८० को बजेट सिमा (सिलिङ) र मार्गदर्शन पठाइएको छ।

देहायको बजेट सिलिङ्ग र मार्गदर्शनलाई पूर्ण पालना गरी आ.व. २०७९/०८० को सहभागितात्मक ढङ्गले योजना तर्जुमाका सबै चरण र प्रक्रियाहरु पूरा गरी चालु र पूँजीगत प्रकृतिका आयोजना/कार्यक्रम तर्जुमा गर्न सिफारिश गरी पठाउनु हुन अनुरोध छ ।

| क्र.सं. | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडास्तरबाट छनौट तथा कार्यान्वयन हुने | संलग्न सूची अनुसार | संलग्न सूची जनसंख्या, भूगोल वस्ती क्षेत्र, राजस्व संकलन, मानव विकास, पूर्वाधार । विकासको अवस्थाको आधारमा प्राप्त अंकमा आधारित विनियोजन गरिएको । |
| २ | पालिकास्तरबाट छनौट तथा कार्यान्वयन हुने | | प्रशासनिक दायित्व, महत्वपूर्ण र गौरवका आयोजनाहरु, विषयगत शाखाबाट सम्पादन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरु र वस्ती तथा वडास्तरबाट सम्बोधन हुन नसकेका आयोजना तथा कार्यक्रमहरुलाई मध्यनजर गरी आवश्यकता र औचित्यताको आधारमा विनियोजन गरिएको |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

क. समष्टिगत मार्गदर्शनः

१) पन्ध्रौं योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

२) दिगो विकासका लक्ष्यहरु (SDGs) का सम्बिन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने ।

३) वार्षिक विकास तथा बजेट तर्जुमा प्राथमिकिकरण सिफारिश गर्दा निम्नानुसारको विषय क्षेत्रगत रुपमा छुटयाउने

४) योजना सिफारिश गर्दा बजेट सीमा भन्दा बढी भएता पनि आवश्यक योजनाहरुलाई प्राथमिकता दिएर पठाउनुपर्नेछ ।

- आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र)
- सामाजिक विकास (शिक्षा, स्थास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकूद तथा मनोरञ्जन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण)
- पूर्वाधार विकास (सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार)
- वातावरण तथा विपद् व्यवस्थापन (वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन)
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पत्रिकरण व्यवस्थापन, स्थानीय तथ्यांई संकलन र अभिलेख व्यवस्थापन)

५) गाउँपालिका र विषयगत शाखा/कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी अनिवार्य रुपमा मागमा आधारित योजना निर्माणको लागि स्थानीय तहको ७ चरणको योजना तर्जुमाको प्रक्रियाबाट माग भै आएका योजनाहरुलाई वार्षिक कार्यक्रममा समावेश गरिने भएकाले योजना तथा कार्यक्रम छनौट गर्दा वस्तगत र मागमा आधारित आयोजना तथा कार्यक्रम छनौटको सुनिश्चितता गर्ने ।

६) नेपाल पक्ष भएका महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसँग सम्वन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकता साथ समावेश गर्ने ।

७) जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, विपद् जोखिम न्युनिकरण संरचना र विपद पछिको आवश्यकता आँकलन संरचना, अपांगमैत्री एवं बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङिक उत्तरदायी बजेट विनियोजन जस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय तहको अगुवाईमा तत् सम्बन्धी प्राथमिकताहरु प्रतिविम्बित हुने गरी वार्षिक कार्यक्रमका क्रियाकलापमा समावेश गर्ने ।

८) विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन मूल्याइन गर्नेसम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी बातावरणमैत्री, सीपमुलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

प्रमुख प्रशासकीय अधिकृत

९) विपद् जोखिम न्यूनिकरण सम्वन्धमा स्थानीयस्तरको वहुप्रकोप जोखिम लेखाजोखा, विपद् पूर्वतयारी, विपद् न्यूनिकरण /अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ पुनर्निर्माण सम्वन्धी कार्यहरु पहिचान, वहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद/जलवायु जोखिम व्यवस्थापन योजना र यस्ता योजनाहरुले निर्दिष्ट गरेका प्रायमिकताहरु विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने ।

ख) आयोजनाको तर्जुमा छनौट सम्वन्धमा

१) साविकमा स्थानीय स्तरमा वार्षिक वजेट तथा कार्यक्रम तय गर्दा महिला, वालवालिका, आदिवासी जनजाती तथा पिछडिएका वर्ग क्षेत्र र दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु संचालन गर्ने गरिएकोमा आगामी दिनमा समेत त्यस्ता लक्षित क्षेत्रलाई समेत निरन्तरता दिने ।

२) आयोजना छनौट गर्दा उत्पादनशील, रोजगारी वृद्धि, गरिवी न्यूनिकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनिकरण, समावेशी विकास जस्ता क्षेत्रमा सहयोग पुयाउने छोटो समयमा सम्पन्न भई वढी प्रतिफल दिने, कम लगानीवाट वढी जनसंख्यालाई लाभ पुर्याउने तथा जनसहभागिता जुटाउन सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

३) आयोजना छनौट तथा वजेट विनियोजन गर्दा भूगोल (क्षेत्रफल) गरिवी (मानव विकास सूचकाङ्क), जनसंख्या र सेवा प्रवाह लागत, आधार मानी सन्तुलन कायम हुने गरी गर्ने ।

४) नयाँ स्थापना भएका वडाहरुको भौतिक तथा अन्य पूर्वाधार विकास र व्यवस्थापनलाई प्राथमिकता दिने ।

५) भवन निर्माण सम्वन्धी कार्यक्रम वनाउँदा जग्गाको उपलव्धता नभई वजेट नछुट्याउने ।

६) सम्पन्न भइसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार वजेटको व्यवस्था गर्ने ।

७) वस्ती तथा वडास्तरवाट माग भै आउने आयोजना मध्ये वडा तहस्तरमा सम्वोधन गर्न नसकिने आयोजना तथा कार्यक्रमहरुलाई पालिकास्तरमा समावेश गर्नुपर्ने वा प्रदेश तथा संघ स्तरमा माग गर्नुपर्ने भएमा सम्वन्धित वढा र विषयगत समिति मार्फत त्यस्ता मागहरुको व्यवस्थापन गर्ने ।

८) आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्वन्धित विषयमा विषयगत शाखा र गाउँपालिकाले अन्य सरकारी निकाय, अन्य स्थानीय तह, निजी क्षेत्र र नागरिक समाजसँग अन्तरक्रिया एवं समन्वय गरी सूचना एकीकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

९) पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने

१०) विपद् जोखिम न्यूनिकरणसम्वन्धी आयोजना तथा कार्यक्रम छनौट गर्दा विपद व्यवस्थापन समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

११) क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न गरी प्रस्ताव गर्ने लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ग आयोजनाको कार्यान्वयन सम्बन्धमा

१) विनियोजित स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुयाउन सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम/आयोजनालाई स्रोतको कमी हुन नदिने र विभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२) कार्यक्रम/आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जानकी गाउँपालिकाको कार्यालयले समग्र वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका र विषयगत शाखा तथा बडा कार्यालयहरूले सोही कार्यतालिका र कार्यान्वयन कार्ययोजना बमोजिम क्रियाकलापगत कार्यान्वयन कार्ययोजना बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा जनसहभागिता जुटाउने तर्फ जोड दिने ।

३) कार्यक्रम/आयोजनाको संचालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति आयोजनास्थल उपभोक्ताको क्षमता र स्थानीय तहले अवलम्बन गरेको नीतिको अधीनमा रही नगद, श्रम वा स्थानीय समाग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने । यसरी सहभागिताको अंग निर्धारणा गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता होने नसकेको कारणबाट लक्षित समूहलाई लिगरिने नीति अवलम्बन गर्ने ।

४) स्थानीय स्तरबाटै सञ्चालन हुने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता कार्यक्रम/आयोजना सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

घ. अनुगमन मूल्यान सम्बन्धमा

१) गाउँपालिकाको एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने

२) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुसरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने र सोही बमोजिम अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गरी प्रतिवेदनमाथि छलफल तथा निरन्तर सुधार र निरन्तरतालाई जोड दिने व्यवस्था मिलाउने ।

ङ. अन्तरसम्बन्धित विषयहरू (Cross cutting Issues)

१) रोजगारी सिर्जना, गरिबी न्यूनिकरण, विपद् तथा जलवायुजन्य जोखिम न्युनिकरण, विपद् व्यवस्थापन, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा वृद्धि एवम् त्यसमा जनताको सहज पहुँज, सामाजिक सुरक्षा, अपाङ्गमैत्री या बालमैत्री स्थानीय शासन, पोषण "सुधार, लैंगिक उत्तरदायी बजेट विनियोजन, समावेशीकरण र सशक्तिकरण विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२) सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने। त्यस्तो रकमको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्ने व्यवस्थाका लागि आवश्यक तयारी गर्ने ।

३) पालिकाबाट सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपतबाट हुनसक्ने अति कम गर्ने उपाय अवलम्बन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

४) विषद् तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाई यस सम्बन्धी कार्यक्रमहरु समावेश गरेर विपद तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि तपसिल बमोजिमका क्रियाकलापहरुलाई समेत आधार मानेर गाउँपालिका, वडाको कार्यक्रम तथा योजनामा समावेश गर्ने व्यवस्था मिलाउने ।

आगामी आर्थिक वर्ष २०७९/०८० को योजनाका लागि योजना तथा कार्यक्रम तर्जुमा एवंम् छनौटका आधारहरु

| | |
|---|---|
| १ | वडाको प्राथमिकताको आधारमा गरिवी न्यूनिकरण गर्न सकिने योजना तथा कार्यक्रममा प्राथमिकता दिने । |
| २ | कम लगानीबाट बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरु |
| ३ | बढी भन्दा बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने |
| ४ | छोटो समयमा बढी प्रतिफल दिने |
| ५ | महिला, दलित आदिवासी जनजाति, पिछडिएको वर्ग तथा क्षेत्रलाई फाईदा पुग्ने खालका आयोजनाहरु छनौट गर्ने |
| ६ | विपद जोखिम न्यूनिकरण गर्न सघाउ पुग्ने क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्ने |
| ७ | आवधिक योजना, जिल्ला विपद व्यवस्थापन योजना, विषयगत गुरुयोजना र क्षेत्रगत योजना र रणनीति योजनासँग मेल खानेगरी कार्यक्रम तर्जुमा गर्ने |
| ८ | संयुक्त राष्ट्रसँघले पारित गरेका दिगो विकासका लक्ष्यहरुको अवधारणा बमोजिमका योजनामा उच्च प्राथमिकता दिई संचालन ग्रनुपर्ने आयोजना र कार्यक्रमहरु |
| ९ | स्थानीय स्रोत साधन तथा सिपबाट संचालन हुने खालको योजनामा जोड दिनुपर्ने |
| १० | उत्पादनमुलक, आयमुलक, सिपमुलक, स्वरोजगारमूलक, स्थानीय तहको आन्तरीक आय वृद्धि गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्ने |
| ११ | वातावरण संरक्षण तथा सहरी पूर्वाधारको सुविधा प्रवर्द्धन र सम्वर्धन गर्न सघाउ पुग्ने योजनाहरुलाई प्राथमिकता दिने |
| १२ | बालमैत्री स्थानीय तह घोषणाका लागि सूचकहरु पुरा गर्ने किसिमका योजना तथा कार्यक्रम |
| १३ | योजना छनौट गर्दा आवधिक योजना, गाउँपालिकाको पाश्वचित्र, आवधिक गाउँपालिका विकास योजना, स्थानीय जनताहरुबाट माग भै आएका तथा अन्य तथ्यहरुको आधारमा योजना छनौट गर्नु पर्ने |

वडाबाट बजेट विनियोजन गर्दा ध्यान दिनुपर्ने कुराः

१) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्ने ।

२) प्रत्येक वडाले वडाभित्रका वस्ती/टोलहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्ने ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

३) वडाअन्तर्गत रहेका वस्ती/टोलहरु भेलामार्फत बस्ती टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने र वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्ने ।

४) वस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्तीभित्रका सबै वर्ग समुदाय (महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) लगायत सबै समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने ।

५) वस्ती/ टोलभित्रका क्रियाशिल सामुदायिक सस्थाहरु (टोल विकास संस्था, महिला/आमा समुह, बाल क्लब/सञ्जाल, "युवा क्लब, स्थानीय गैरसरकारी संस्थाहरु, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनुपर्ने ।

६) माथि उल्लेख भए बमोजिमका सरोकारवालहरुको अधिकारिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरुको छनौट गर्ने। यसरी वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची संयोजकले लिखित रुपमा तयार गरी वडा समितिमा पेश गर्ने ।

७) समितिमा पेश भएका आयोजना तथा कार्यक्रमहरुको सूचीलाई आयोजनाको प्राथमिकताक्रम निर्धारण फारम मा भरी हरेक आयोजनालाई पूर्णा १०० मानी निदेशिकाले तोके बमोजिम अंक प्रदान गर्ने । यसरी अंक दिंदा ८० भन्दा बढी आउनेलाई प्राथमिकता नं १, ६० देखि ८० अंक सम्मका लागि प्राथमिकता नं २, ५० देखि ६० अङ्क प्राप्त गर्ने आयोजनालाई प्राथमिकताकम ३, ५० भन्दा कम प्राप्त भएमा न्यून प्राथमिकतामा राख्ने।

८) वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्त्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको बजेट सीमाभित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन् नसक्ने गाउँस्तरीय महत्त्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले गाउँपालिका छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । यसरी छनौट भएका योजनाहरुको प्राथमिकीकरणका साथ गाउँपालिकामा पठाउने ।

- कूल बजेटबाट प्रशासनिक, म्याचिङ र कन्टिन्जेन्सी रकम नछुटयाउने
- कूल बजेटलाई १०० प्रतिशत मानी ३० प्रतिशत सम्म लक्षित वर्गको लागि बजेट विनियोजन गरी बाँकी ७० प्रतिशत भौतिक विकासात्मकतर्फ बजेट विनियोजन गर्ने । आवश्यकतानुसार लक्षित वर्गको लागि ३० प्रतिशत भन्दा बढी बजेट विनियोजन गर्न सकिने ।
- भौतिक विकासात्मक तर्फ आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास तर्फ आवश्यकता, औचित्यताका आधारमा सन्ततिले विनियोजन गर्ने पूर्वाधारतर्फ ठूला आयोजना

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँपालिका स्तरबाटै स्वीकृत हुने गरी वडाको सिलिङभन्दा बाहिर राखेर अनुमान गरी छुट्टै योजना समावेश गरी पठाउने । छुट्टै योजनाको सूची तयार गर्दा पनि तोकिएकै फारम प्रयोग गर्ने ।

- लक्षित वर्ग तर्फको लागि बजेट विनियोजन गर्दा कूल लक्षित वर्गको बजेटको न्यूनतम् ६० प्रतिशत प्रत्यक्ष फाइदा पुग्ने खालको बजेट विनियोजन गर्नुपर्नेछ । बजेट तथा कार्यक्रम तर्जुमा समितिले वितरणमुखी आयोजना तथा कार्यक्रम र ६० प्रतिशत भन्दा कम प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम कटौती गर्न सक्नेछ ।
- लक्षित बजेट विनियोजन गर्दा लक्षिततर्फको कूल बजेट अर्थात ३० प्रतिशतलाई १०० प्रतिशत मानी देहाय बमोजिम विनियोजन गर्ने तर कुनै लक्षित वर्गको संख्या नभए वा आनुपातिक न्यून संख्यामा भएमा प्रतिशत हेरफेर गर्न सकिने ।
    - महिला लक्षित (महिला समूह, आमा समूह लगायतका समूह समुदाय समेत — २५ प्रतिशत
    - बालबालिका लक्षित कार्यक्रम — २० प्रतिशत
    - दलित लक्षित — १५ प्रतिशत
    - अपाङ्ग लक्षित — १० प्रतिशत
    - ज्येष्ठ नागरिक लक्षित — १० प्रतिशत
    - जनजाति लक्षित — १० प्रतिशत
    - युवा वर्ग लाभान्वित (युवा तथा रोजगारी। — १० प्रतिशत

**लैंगिक उत्तरदायी तथा समावेशी क्रियाकलापहरुको वर्गीकरण विधिः**

१) ५० प्रतिशतभन्दा बढी लाभ पुग्ने क्रियाकलाप प्रत्यक्ष फाइदा पुग्ने
२) २० प्रतिशत देखि ५० प्रतिशतसम्म लाभ पुग्ने क्रियाकलाप अप्रत्यक्ष फाइदा परने
३) २० प्रतिशत भन्दा कम लाभ परने क्रियाकलाप तटस्थ

उपरोक्तानुसारको प्रतिशत निकाल्दा देहायका सूचकहरुको आधारमा मूल्याङ्कन गरी वडाको योजनाहरुको वर्गीकरण गर्नुपर्नेछ ।

| सूचक | अंक |
|---|---|
| योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता | २० प्रतिशत |
| क्षमता अभिवृद्धि | २० प्रतिशत |
| लाभको बाँडफाँडमा लक्षित वर्गको हिस्सा | ३० प्रतिशत |
| रोजगार/आय अभिवृद्धिमा सहयोग | २० प्रतिशत |
| समयको प्रयोगमा गुणात्मक सुधार र कार्य बोझको कमी | १० प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत

८

# जानकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खजुराखुर्द, बाँके

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :


योजना तर्जुमा गर्दा भर्नु पर्ने फाराम :

अनुसूची ३

(दिग्दर्शनको दफा ५.२.४ संग सम्वन्धित)

आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–२० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने –१० अंक

(ग) तटस्थ–५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने–१५ अंक

(ख) आगामी आ.व. मा सम्पन्न हुने–१० अंक

(ग) अन्य–५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने–७.५ अंक

(ग) तटस्थ–०

४.लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने–१५ अंक

(ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने–१० अंक

(ग) २०५ सम्म लागत सहभागिता हुने–५ अंक

(घ) लागत सहभागिता नहुने–०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०५ सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–७.५ अंक

(ग)अन्य–५ अंक

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक

(ग) तटस्थ–०

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक

(ग) तटस्थ–०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने–५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने–३ अंक

(ग) तटस्थ–०

(ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र.सं. | आयोजनाको नाम | गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने २०) (अंक | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (अंक १५) | आम्दानी र रोजगार बढ्ने अंक१५) ( | लागत सहभागिता जुट्ने १५) (अंक | स्थानीय श्रोत साधन र सीपको प्रयोग (१० अंक) | समावेशी विकासमा योगदान १०) (अंक | दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | स्थानीय भाषिक, सांस्कृतिक विकास (अंक ५) | कुल प्राप्ताङ्क १००) ( | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

नोटः आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

| क्र..स. | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४

(दिग्दर्शनको दफा ५.४ संग सम्वन्धित)

जानकी गाउँपालिका

वडा नं.......

आयोजनाको प्राथमिकिकरण सूची.

(क) निर्धारित वडागत बजेट सीमा भित्रका आयोजनाको लागि

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिकयोजनाका रणनीतिसँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सामाजिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| पूर्वाधार विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन समिति | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सुशासन तथा सस्थागत विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |

ख) गाउँपालिका स्तरीय (गाउँ नगर गौरवका आयोजना, वहुवर्षीय आयोजनाहरु र दुई वा सो भन्दा वढी वडामा पर्ने आयोजनाहरु:

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालनहुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

नोटः क्रमागत आयोजनाहरुको प्राथमिकीकरण सूची आवश्यक पर्ने छैन ।

२०८०/१/२५

...............................

भक्त बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner